नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको सूचना

## अतिरिक्त हुलाक (तेस्रो संशोधन) नियमावली, २०६८

अतिरिक्त हुलाक नियमावली,२०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, हुलाक ऐन, २०१९ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "अतिरिक्त हुलाक (तेस्रो संशोधन) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अतिरिक्त हुलाक नियमावली,२०३४ को नियम १० मा संशोधनः** अतिरिक्त हुलाक नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :-

"१०. **बिदा सम्बन्धी व्यवस्थाः**(१) हुलाक प्रतिनिधि, वितरक र डाँक बाहकले पारिश्रमिक सहितको देहाय बमोजिमको बिदा पाउनेछन् :-

(क) भैपरी आउने बिदा बार्षिक छ दिन,

(ख) विरामी बिदा बार्षिक बाह्र दिन,

(ग) घर बिदा बार्षिक चौबीस दिन,

(घ) प्रसूति बिदा बढीमा दुई सन्ततिको लागि प्रत्येक सन्ततिको निम्ति तीस दिन,

(ङ) किरिया बिदा पन्ध्र दिन ।

(२) घर बिदा एकपटकमा साधारणतया सात दिन भन्दा बढी लिन पाइने छैन ।

(३) भैपरी आउने बिदा र घर बिदा अर्को बर्षको लागि सञ्चित गर्न सकिने छैन ।

(४) मनासिब कारण परेमा बाहेक बिदाको निकासा नलिई हुलाक प्रतिनिधि, वितरक र डाँक बाहक आफ्नो कार्यालयमा अनुपस्थित हुनु हुँदैन । विशेष कारण परी कार्यालयमा अनुपस्थित हुने हुलाक प्रतिनिधि, वितरक र डाँक बाहकले सात दिनभित्र सम्बन्धित अधिकारी समक्ष बिदाको लागि निवेदन दिनु पर्नेछ ।

(५) बिदा अधिकारको कुरा नभई सहुलियत मात्र हुनेछ ।"

३. **मूल नियमावलीमा नियम १२क.थपः** मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :-

"**१२क. उपचार खर्च** : (१) हुलाक प्रतिनिधि, वितरक र डाँक बाहकले आफूले काम गरेको प्रत्येक बर्षको लागि निजले काम गरेको पदको शुरु पारिश्रमिक स्केलको आधा महिनाको तलब बराबरको रकममा नबढ्ने गरी विल बमोजिमको रकम उपचार खर्च वापत पाउनेछ ।

(२) हुलाक प्रतिनिधि, वितरक र डाँक बाहकले उपनियम (१) बमोजिम पाउने उपचार खर्च वापतको रकम लिन नपाउँदै सेवाबाट अवकाश भएमा सो उपनियम बमोजिम पाउने रकम एकमुष्ट लिन पाउनेछ ।

तर यसरी एकमुष्ट रकम लिंदा विल पेश गर्नुपर्ने छैन ।"

४. **मूल नियमावलीको नियम १६ मा संशोधन** : मूल नियमावलीको नियम १६ को सट्टा देहायको नियम १६ राखिएको छः-

" **१६.निजामती कर्मचारी नमानिनेः** हुलाक प्रतिनिधि,वितरक र डाँक बाहक निजामती कर्मचारी मानिने छैनन् ।"

५. **मूल नियमावलीको नियम १९ मा संशोधन** : मूल नियमावलीको नियम १९ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम(१क) थपिएको छः-

"(१क) उपनियम(१) बमोजिम नसिहत दिनु वा सेवाबाट हटाउनु अघि हुलाक प्रतिनिधि, वितरक र डाँक बाहकलाई सफाई पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।"

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) वा (२) बमोजिम क्षेत्रीय हुलाक निर्देशकले गरेको कारबाही उपर चित्त नबुझ्ने हुलाक प्रतिनिधि, वितरक वा डाँक बाहकले पैंतीस दिनभित्र हुलाक सेवा विभागको महानिर्देशक समक्ष उजूर गर्न सक्नेछ ।"

(३) उपनियम (३) पछि देहायको उपनियम(४)थपिएको छः-

"(४) उपनियम (३) बमोजिम परेको उजुरी उपर हुलाक सेवा विभागको महानिर्देशकले नब्बे दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो उजूरीको सम्बन्धमा निजको निर्णय अन्तिम हुनेछ ।"

आज्ञाले,
श्रीधर गौतम
नेपाल सरकारको सचिव